# हामी सबै मिली विश्व स्तनपान सप्ताह २०२५ मनाऔं !

## सन्देश: स्तनपानलाई प्राथमिकता दिऔं: दिगो समर्थन प्रणाली निर्माण गरौं”



## स्तनपानको महत्व तथा गुणस्तर बुझौं: चिन्ता नगरौं !

### जनावरको दूध वा फार्मुलाभन्दा उत्तम, किन स्तनपान सबैभन्दा राम्रो?

| | स्तनपान | जनावरको दूध | फार्मुला दूध |
|---|---|---|---|
| प्रतिरक्षा तत्व | छ | छैन | छैन |
| बच्चाका लागि विशेष | हो | होइन | होइन |
| पचाउन सजिलो | हो | एलर्जी हुन सक्छ | पचाउन गाह्रो |
| संक्रमणको जोखिम | न्यूनतम | उच्च | उच्च (बोतल सफाइमा निर्भर) |
| लागत | नि:शुल्क | महँगो | सबैभन्दा महँगो |

जनावरको दूधले बच्चामा प्रोटिन एलर्जी हुन सक्छ।

### ६ महिनासम्म विशेष रूपमा (Exclusive) स्तनपान मात्र गराउँदा बच्चाहरूलाई के फाईदा?

- ❖ स्तनपानले पूर्ण पोषण दिन्छ, पानी, जुस वा अरु खाना आवश्यक हुँदैन।
- ❖ स्तनपानले बच्चाको दिमागको विकास र आमासँगको आत्मीयता बढाउँछ।
- ❖ स्तनपानले पखाला, निमोनिया, कुपोषणको जोखिम कम पर्छ।

### ६ महिनाअघि अरू दूध दिनु वा समयभन्दा अगाडि स्तनपान छुटाउनुका जोखिमहरू:

- ❖ पखाला, श्वासप्रश्वास सम्बन्धी संक्रमण र कुपोषणको उच्च जोखिम
- ❖ जनावरको दूधमा पाइने प्रोटिनप्रति एलर्जी हुन सक्ने सम्भावना
- ❖ पाचन प्रणालीमा समस्या र अपोषण (कम पोषण अवशोषण)
- ❖ आमा र शिशुबीचको भावनात्मक सम्बन्ध कमजोर हुनु
- ❖ आमाको दूध उत्पादनमा अवरोध पुग्नु





**Nepal Paediatric Society (NEPAS)**

Baluwatar, Kathmandu, Nepal  +977-9803594327 (Off)  www.nepas.org.np

GPO Box No.: 2668  nepas2010@gmail.com, office@nepas.org.np/info@nepas.org.np